वैठक नं.५४

आज मिति २०८१ साल श्रावण ३० गतेका दिन विहान ११:०० बजे यस स्वर्गद्वारी नगरपालिका नगरकार्यपालिकाको वैठक नगरपालिकाका प्रमुख श्री टेक प्रसाद भण्डारीज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा वसि तपसिल वमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| सि.नं. | नाम /थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सी. | सदस्य/१ नं.वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पून मगर | सदस्य/२ नं.वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण रोकाय | सदस्य/३ नं.वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | सदस्य/४ नं.वडा अध्यक्ष | |
| ७ | श्री गिर वहादुर घर्ति मगर | सदस्य/५ नं.वडा अध्यक्ष | |
| ८ | श्री गिरे गरुङ | सदस्य/६ नं.वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | सदस्य/७ नं.वडा अध्यक्ष | |
| १० | श्री खोप वहादुर रावत | सदस्य/८ नं.वडा अध्यक्ष | |
| ११ | श्री नर वहादुर वि.एम. | सदस्य/९ नं.वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बूढाथोकी | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवि बूढाथोकी | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवि के.सी. | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री भोज वहादुर भण्डारी | प्र.प्र.अ. | |

**आमन्त्रितः**

श्री धन वहादुर ओली - लेखा अधिकृत

श्री विष्णु प्रसाद पोखेल - प्रशासन शाखा प्रमुख

श्री तुकमान राना मगर - रोजगार सहायक

श्री

नगरकार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु

नगर प्रमुख

बैठक संख्या नं. : ५४
मिति : २०८१/०४/३०
समय : बिहान ११:०० बजे
स्थान : नगरपालिकाको सभाहल

प्रस्तावहरु :
१) ५३औं नगरकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा ।
२) स्वर्गद्वारी सर्पदंश उपचार केन्द्र भवन मर्मत सम्वन्धमा ।
३) स्वर्गद्वारी सर्पदंश उपचार केन्द्रमा कार्यरत कर्मचारीहरुको प्रोत्साहन भत्ता सम्वन्धमा ।
४) स्थानीय भू-उपयोग परिषद कार्यान्वयन समिति गठन समवन्धमा ।
५) भिंगृ-धनवाङ सडक मर्मत सम्वन्धमा ।
६) विपदका निवेदन सम्वन्धमा ।
७) बाघसिङ्गमा सहरी स्वास्थ्य केन्द्र राख्ने सम्वन्धमा ।
८) सोत्रे स्वास्थ्य चौकीको वर्थिङ सेन्टर सम्वन्धमा ।
९) आयोजना तथा कार्यक्रमको समिक्षा सम्वन्धमा ।
१०) कृषि तथा पशु उप-सेवाकेन्द्र स्थापना सम्वन्धमा ।
११) स्वर्गद्वारी नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका सम्वन्धमा ।
१२) शिक्षक सरुवा सम्वन्धमा ।
१३) विद्यार्थी तथा खेलाडी पुरस्कृत सम्वन्धमा ।
१४) बालविकास प्रा.वि. भवन मर्मत सम्वन्धमा ।
१५) स्थानीय पाठ्यक्रम, नगर शिक्षा योजना तथा कार्यविधि निर्माण सम्वन्धमा ।
१६) विभिन्न निवेदन सम्वन्धमा ।
१७) विविध सम्वन्धमा ।
  क) सिंचाई कुलोहरुको अनुगमन गर्ने सम्वन्धमा ।

निर्णयहरु :

**निर्णय नं. (१) प्रस्ताव नं. १ माथि छलफल गर्दा** मिति २०८१ असार ३० गते बसेको ५३औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्य प्रगतिका विषय छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णहरुको कार्यान्वयन भएको र कार्यान्वयन हुन बाँकी रहेको निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. (२) प्रस्ताव नं. २ माथि छलफल गर्दा** यस स्वर्गद्वारी नगरपालिका वडा नं. ९ कच्छारमा संचालित स्वर्गद्वारी सर्पदंश उपचार केन्द्रको भवनको प्राविधिक शाखाको लागत स्टिमेटको आधारमा झ्याल, ढोकामा जाली निर्माण र फिल्ड मर्मत (कुल लागत रु ३०००००। (अक्षेरुपी तिन लाख रुपैया मात्र)) तथा उपचार केन्द्रको विद्युत महशुल यस नगरपालिकाको १५औं नगरसभावाट सर्पदंश उपचार केन्द्र संचालन शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरि गर्ने निर्णय गरियो ।

**निर्णय नं. (३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा** यस स्वर्गद्वारी नगरपालिका वडा नं. ९ कच्छारमा संचालित स्वर्गद्वारी सर्पदंश उपचार केन्द्रमा कार्यरत कर्मचारीहरु (अ.हे.ब. श्री हेमराज पौडेल र अ.न.मी. श्री सम्झना थापा) को सर्पदंशको सम्भाव्य महिनाहरु बैशाख देखि लागुहुने गरि कार्तिक महिना सम्ममा कर्मचारीहरुले अतिरिक्त समय र बिदाका दिनहरुमा समेत काम गर्नुपर्ने भएको हुदाँ यस नगरपालिकाको १५औं नगरसभावाट सर्पदंश उपचार केन्द्र संचालन शिर्षकमा विनियोजित बजेटबाट बजेट खर्च हुने गरि (अ.हे.ब. श्री हेमराज पौडेल लाई मासिक रु १००००। (अक्षेरुपी दश हजार रुपैया) र अ.न.मी. श्री सम्झना थापा लाई मासिक रु ४०००। (अक्षेरुपी चार हजार रुपैयाको दरले)) प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. (४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा** यस स्वर्गद्वारी नगरपालिकाको स्थानीय भू-उपयोग परिषद कार्यान्वयन समिति भु-उपयोग ऐन, २०७६ बमोजिम गठन गर्ने निर्णय गरियो ।

नगर प्रमुख

निर्णय नं. (५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ अन्तरगतको भिंगृ-धनवाङ्ग सडक वर्षायामको अभिरल वर्षातको कारण अवरुद्ध हुन पुगेको हुदाँ पुनः संचालन गर्नको लागि मर्मत गर्नुपर्ने देखिएको हुदाँ यस नगरपालिकाको प्राविधिक शाखावाट प्राप्त लागत स्टिमेटको आधारमा रु २,५०,०००। (अक्षेरुपी दुई लाख पचाँस हजार रुपैया मात्र) मा नबढ्ने गरि यस नगरपालिकाको मर्मत सम्भार कोषवाट वजेट खर्च हुने गरि सडक मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. (६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयमा विभिन्न मितिहरुमा पेश हुन आएका निवेदनहरु उपर स्थलगत रुपमा अनुगमन गरि आगामी नगरकार्यपालिका बैठकवाट आवश्यक निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. (७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. १ अन्तरगत पर्ने बाघसिङ्गमा सहरी स्वास्थ्य केन्द्र अत्यावश्यक रहेको हुदाँ केन्द्र स्थापनाको लागि आगामी हिंउदे/१७औं नगरसभावाट आवश्यक निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. (८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ७ मा संचालित सोत्रे वर्थिङ्ग सेन्टरलाई अघिल्लो नगरकार्यपालिका बैठकवाट बन्द गर्ने निर्णय भएकोमा उक्त निर्णयलाई पुनर्विचार गर्दै यथावत अवस्थामा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. (९) प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकावाट गत आर्थिक वर्ष २०८०/०८१ मा संचालन भएका योजना तथा कार्यक्रमहरुको वार्षिक समिक्षा कार्यक्रम मिति २०८१ भाद्र ९ गतेका दिन यस नगरपालिका वडा नं. ३ जलुके स्थित उद्योग वाणिज्य संघको भवनमा गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. (१०) प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका वडा नं. १ र २ नं. वडा कार्यालयलाई सेवा प्रदान गर्ने गरि दुवै वडा कार्यालयलाई पायक पर्ने गरि धरमपानीमा कृषि तथा पशु सेवा उप-सेवाकेन्द्र स्थापना गरि उक्त सेवा केन्द्रको उद्घाटन कार्यक्रम मिति २०८१ भाद्र ६ गतेका दिन विहान ०९:०० बजे गर्ने निर्णय गरियो ।

निर्णय नं. (११) प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका कार्यालयको क्षेत्राधिकार भित्र संचालन भएका बजार व्यवस्थित तवरबाट संचालन तथा नियन्त्रण गर्न यस स्वर्गद्वारी नगरपालिकावाट गरिने बजार अनुगमन निर्देशिका निर्माण गर्ने परियोजनार्थ आवश्यक मस्यौदा तयार गरि अर्को नगरकार्यपालिका बैठकमा पेश गर्न यस नगरपालिकाको विधेक समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. (१२) प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ४ स्थित संचालित श्री जनता ने.रा.प्रा.वि., भिंगृकोटमा रिक्त रहेको प्रा.वि.तह तृतिय श्रेणीको दरवन्दीमा सरुवाको लागि आह्वान गरिएको मिति २०८० असार २८ को विज्ञापन अनुसार तोकिएको समयावधिभित्र रितपुर्वक परेको आवेदनमा नियमानुसार जेष्ठ आवेदक ऐ नगरपालिका वडा नं. ९ स्थित श्री ने.रा.प्राथमिक विद्यालय डाडागाउँका समान तह र श्रेणिका शिक्षक श्री शेर बहादुर घर्ति मगरलाई सो रिक्त दरवन्दीमा सरुवा गर्ने निर्णय गरियो ।

निर्णय नं. (१३) प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयहरुबाट कक्षा ८, १० र १२ मा प्रथम, द्वितीय र तृतीय विद्यार्थीहरुलाई नगद पुरसकार र प्रमाण पत्र सहित शिक्षा दिवसको अवसरमा सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं. (१४) प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ३ अन्तरगत संचालित श्री बालविकास प्रा.वि. टाकुरा भवन जिर्ण भई दैनिक विद्यार्थी पठनपाठनमा अरुद्ध हुन पुगेको हुदाँ पठनपाठनलाई पुनः संचालन गर्नको लागि प्राविधिक लागत स्टिमेटको आधारमा रु ९५८५६। (अक्षेरुपी पन्चानव्बे हजार आठ सय छेपन्न रुपैया मात्र) मा नबढ्ने गरि नबढ्ने गरि यस नगरपालिकाको मर्मत सम्भार कोषवाट बजेट खर्च हुने गरि भवन मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. (१५) प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको कक्षा ६,७ र ८ को स्थानीय पाठ्यक्रम निर्माण गर्न नियमानुसार आवश्यक कार्य गर्न यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन गर्ने निर्णय गरियो । साथै यस नगरपालिकाको नगर शिक्षा योजना तथा कार्यविधि निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. (१६) प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयमा विभिन्न मितिहरुमा पेश हुन आएका तपशिल बमोजिमका निवेदनहरु उपर देहाय बमोजिमको निर्णय गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | निवेदकहरु | विषयहरु | निर्णयहरु | कैफियत |
|---|---|---|---|---|
| १ | २ नं. वडा कार्यालय स्व.न.पा.प्यूठान | सडक मर्मत गरिदिने सम्वन्धमा । | प्राविधिक लागत स्टिमेट तयार गरि मर्मतको लागि ब्याक हो ल्होडर उपलब्ध गराउने । | |
| २ | शान्तिपार्क स्व.न.पा.८ बर्जिवाङ्ग प्यूठान | डस्टविन उपलब्ध गराईदिने सम्वन्धमा । | नगरपालिकाको कार्यालयमा मौजदात डस्वीनवाट ६ वटा डस्वीन उपलब्ध गराउने । | |
| ३ | होटल व्यवसाय संघ तथा पर्यटन केन्द्र प्यूठान | आर्थिक सहयोग सम्वन्धमा । | नगरपालिकाको आर्थिक सहयोग शिर्षकवाट खर्च हुने गरि रु ५ हजार रुपैया मात्र उपलब्ध गराउने । | |
| ४ | अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन जिल्ला कमिटि प्यूठान | आर्थिक सहयोग सम्वन्धमा । | नगरपालिकाको आर्थिक सहयोग शिर्षकवाट खर्च हुने गरि रु ५ हजार रुपैया मात्र उपलब्ध गराउने । | |
| ५ | पदम प्रसाद श्रेष्ठ | कर संकलनमा सहजिकरण गरिदिने सम्वन्धमा । | आवश्यक सहकार्य गरि कर संकलन गर्न अनुरोध गर्ने । | |
| ६ | कमला रसाइली | निर्णय पुनः विचार गरिदिने सम्वन्धमा । | नगरपालिकाको अन्य अवसरहरु प्राप्त भएमा प्राथमिक दिने । | |

**निर्णय नं. (१७) (क) प्रस्ताव नं. १७ (क) माथि छलफल गर्दा** यस नगरपालिका क्षेत्राधिकार भित्र संचालनमा रहेका सिचाई आयोजनाहरुमा वर्षायामको अभिरल वर्षातका कारण क्षेति भएका विवरणहरुको स्थलगत रुपमा अनुगमन गरि प्राप्त प्रतिवेदन अर्को नगरकार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो ।

अन्त्यमा आजको ५४औं नगर कार्यपालिकाको बैठक सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरियो ।

नगर प्रमुख